लुम्बिनी साँस्कृतिक नगरपालिका
रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्डः ८ | संख्याः १० | मितिः २०८१/११/२१ |


भाग-१

**लुम्बिनी साँस्कृतिक नगरपालिका**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम, लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम "**लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगर खेलकुद समिति गठन तथा सञ्चालन कार्यविधि–२०८१**" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगर खेलकूद समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्रभित्र खेलकूदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ्य नागरिक बनाउनको लागि विभिन्न तालिम तथा खेलकूद सम्बन्धी प्रतियोगिताहरु सञ्चालन गरी सबै किसिमको खेलकूद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा हुने खेलकूद प्रतियोगितामा नगरपालिका क्षेत्रभित्र खेलकूद विकास गर्न एवं नगरपालिका भित्र रहेका खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुलाई प्रोत्साहन एवं नियमनका लागि कानूनी व्यवस्था गर्न आवश्यक देखिएकोले, राष्ट्रिय खेलकुद विकास ऐन २०७७ को दफा २४ को उपदफा ५ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) र लुम्बिनी

साँस्कृतिक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी साँस्कृतिक नगर कार्यपालिकाबाट स्वीकृत गरी यो “नगर खेलकूद समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१” बनाई लागू गरिएको छ।

## परिच्छेद–१

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम “नगर खेलकूद समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१” रहेको छ।

(ख) यो कार्यविधि नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ।

## परिच्छेद–२

**परिभाषा**

**२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

(क) “नगरपालिका” भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकालाई जनाउँछ।

(ख) “कार्यविधि” भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका “नगर खेलकूद समिति गठन तथा सञ्चालन कार्यविधि २०८१” सम्झनु पर्छ।

(ग) “नगर खेलकुद समिति” भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकुद समिति सम्झनु पर्छ।

(घ) “संयोजक” भन्नाले नगर खेलकुद समितिको संयोजकलाई सम्झनु पर्छ।

(ङ) “सदस्य” भन्नाले नगर खेलकुद समितिका सदस्य सम्झनु पर्छ।

(च) “सदस्य-सचिव” भन्नाले नगर खेलकुद समितिको सदस्य-सचिव सम्झनु पर्छ।

(छ) “प्रमुख” भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(ज) “उपप्रमुख” भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ञ) “सदस्य सचिव” भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्दछ।

(ट) "खेलकूद सम्बन्धी संस्था" लुम्बिनी साँस्कृतिक नगरपालिकाको संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन बमोजिम दर्ता भएका संस्था सम्झनुपर्छ।

(ठ) "खेलकूद" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकूद समेतलाई सम्झनु पर्दछ।

(ड) "खेलाडी" भन्नाले क्लव, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्नेछ।

(ढ) "प्रशिक्षक" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाद्वारा सञ्चालित खेलकूद प्रशिक्षणमा सहभागी प्रशिक्षक, क्लव, संघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध बिषयगत खेलकूद प्रशिक्षक सम्झनु पर्छ।

(ण) "प्रशिक्षार्थी" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाद्वारा सञ्चालित खेलकूद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ।

(त) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कार, चन्दालाई सम्झनुपर्दछ।

## परिच्छेद–३

## नगर खेलकुद समितिको गठन तथा काम कर्तव्य र अधिकार

### ३. नगर खेलकुद समितिको गठनः

(१) नगर खेलकूदको विकास गर्नको लागि लुम्बिनी साँस्कृतिक नगरपालिकामा देहाय बमोजिमको ११ सदस्यीय "नगर खेलकुद समिति" को गठन हुनेछः -

क) नगर प्रमुख - संयोजक

ख) उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) नगर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीहरु मध्येबाट नगर प्रमुखले तोकेका एकजना महिला सहित बढीमा २ जना - सदस्य

ङ) नगर स्तरका खेलकूद सम्बन्धी संस्था तथा क्लवहरुबाट सिफारिस भई आएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित २ जना - सदस्य

च) सामुदायिक, धार्मिक र संस्थागत विद्यालयका खेलकुद शिक्षकहरु मध्येबाट १/१ जना गरि जम्मा ३ जना - सदस्य

छ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकूदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) नगर खेलकूद समिति अन्तर्गत आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकूद समिति गठन गर्न सकिनेछ।

**४. नगर खेलकुद संचालन उपसमितिको गठनः**

(१) नगर स्तरीय खेलकुद संचालन गर्न नगरपालिकाले देहाय बमोजिमको १५ सदस्यीय “नगर खेलकुद संचालन उपसमिति” को गठन गर्नेछ -

क) स्थानीय खेलकुद क्षेत्रमा काम गरेको खेल सम्बन्धी संघ संस्था संगठन वा युवा क्लबहरुको अध्यक्ष मध्येबाट नगर खेलकुद समितिले मनोनित गरेको १ जना- अध्यक्ष

ख) प्रत्येक वडाबाट प्रतिनिधित्व हुने गरी १/१ जना वडा अध्यक्षबाट सिफारिस गरेको खेलकुद सम्बन्धी संघ संस्था, संगठन वा युवा क्लबहरुमा आवद्ध १३ जना- सदस्य

ग) नगरपालिको शिक्षा, युवा तथा खेलकुद विषय वा शाखा हेर्ने कर्मचारी - सदस्य सचिव

२. नगर खेलकुद संचालन उपसमितिको काम, कर्तव्य र अधिकार नगर खेलकुद समितिले तोके बमोजिम हुनेछ

**५. नगर खेलकुद समितिको काम, कर्तव्य र अधिकार :**

**खेलकुद समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) नगर स्तरीय खेलकूद क्यालेण्डर निर्माण गरी स्वीकृतको लागि नगरपालिकामा पेश गर्ने,

(ख) स्थानीयस्तरका खेलकूदको लागि भौतिक संचरनाको पूर्वाधार निर्माण, योजना निर्माण, संरक्षण, सञ्चालन तथा विकास गर्ने,

(ग) खेलकूदको स्तरमा वृद्धि गर्न नगर, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका विभिन्न विधाका खेलकूदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने, गराउने,

(घ) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी आवश्यकता अनुसार प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकूदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ङ) खेलकूद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गा.पा./न.पा, जिल्ला, प्रदेश र संघमा पठाउने,

(च) स्थानीयस्तरका खेलकूद प्रशासन, शैक्षिक संस्था, क्लव, संघ, संस्था, प्रशिक्षण संस्थाको

समन्वय गर्ने र आवश्यक निर्देशन दिने,

(छ) स्थानीय सरकारलाई खेलकूद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(ज) खेलकूद सम्बन्धी क्लब, संस्थालाई आबश्यक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

(झ) खेलकूदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकूद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(ञ) खेलाडीहरुको स्तरबृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार विदेशमा समेत तालिम हासिल गर्नको लागि पठाउने,

(ट) नगर भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

(ठ) खेलाडीको स्वास्थ्यको प्रवर्द्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेलकूदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ढ) वडा स्तर र विद्यालय स्तरमा खेलकूद गतिविधि सञ्चालन गर्ने गराउने,

(ण) खेलकूद मार्फत रोजगारीका लागि आवश्यक पहल गर्ने,

(त) नगर खेलकुद समितिको कार्यालय संचालन गर्नको लागि आबश्यक कर्मचारी व्यवस्था गर्ने,

(थ) नगरपालिकाको बार्षिक योजनामा समावेश भएका नगरस्तरीय र वडा स्तरीय खेलकूदकार्यक्रम सञ्चालन गर्ने गराउने,

(द) नगरपालिकामा दर्ता भएका खेलकूद सम्बन्धी संस्थालाई सूचिकृत गर्ने,

(ध) समितिले वार्षिक योजना बनाइ नगरपालिकामा पेश गर्नु पर्ने छ,

(न) समितिले आफ्नो हिसाव किताब र प्रगतिको सामाजिक परिक्षण गराउनु पर्ने,

(प) समितिको लेखापरिक्षण नगरपालिकाबाट गराउनुपर्ने छ,

(फ) खेलकूद समितिको आफ्नो लेटरप्याड र छाप हुनेछ,

(ब) समितिले खेलकूदको विकासको लागि आफ्नो बार्षिक कार्यक्रम संचालन गर्न अनुदान वा सहयोग लिनसक्ने छ।

(भ) समितिले गरेको कार्य प्रगतिको प्रतिवेदन त्रैमासिक रुपमा नगरपालिकामा पेश गर्नुपर्ने छ।

(म) खेलकूदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने।

**५. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकको लागि आवश्यक बिषय सूचि र सामग्री जुटाउने।

(ख) बैठकको निर्णय लेख्ने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने।

(ग) समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने।

**६. समितिका सदस्यहरुको पदावधीः**

(१) मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ। तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ३ को प्रक्रिया बमोजिम पद पूर्ति गरिनेछ।

(३) कुनै सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

(४) संयोजक वा कुनै सदस्यले आफ्नो कर्तव्यपालन नगरेमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ। त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन।

**७. सदस्यको अयोग्यता: देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः-**

(क) गैर-नेपाली नागरिक,

(ख) समितिमा कार्यरत वैतनिक कर्मचारी,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको, मगज विग्रेको व्यक्ति,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(ङ) पदेन सदस्य बाहेक अन्य सदस्य २१ (एक्काइस) वर्ष उमेर पूरा नभएको।

**८. सदस्यता समाप्त हुने अवस्था देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-**

(क) दफा ७ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा,

## परिच्छेद–४

### समितिको बैठक सम्बन्धी व्यवस्था

**९. समितिको बैठक र निर्णय :**

(१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा कार्यवाहक संयोजकले बैठकको अध्यक्षता गर्नेछ

(३) समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले ७ दिनभित्र बैठक बोलाउनु पर्नेछ।

(६) बैठकमा सर्वसम्मत निर्णय हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने छ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य-सचिवले राख्नेछ।

## परिच्छेद–५

### क्लव, संघसंस्थाहरुको सूचीकरण सम्बन्धी व्यवस्था

**१०. खेलकूद सम्बन्धी संस्थाको सूचीकरण :**

(१) खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम नगरपालिकामा दर्ता भएको संस्था नगर खेलकूद समितिमा अनिवार्य रुपमा सूचीकृत हुनु पर्ने छ।

(२) उपदफा (१) बमोजिम समितिमा सूचीकृत नभएको खेलकूद सम्बन्धी क्लव, संघ संस्थाले लुम्बिनी साँस्कृतिक नगरपालिका भित्र खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन।

**११. संस्था सूचीकृत गर्नुपर्ने :**

(१) समितिमा संस्था सूचीकृत गराउने खेलकूद सम्बन्धी संस्थाले अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्ने छ।

(२) समितिमा सूचीकरणको लागि दरखास्त दिएका संस्थालाई समितिले अनुसूची २ बमोजिमको ढाँचामा सस्था सूचीकृत प्रमाणपत्र जारी गर्ने छ।

(३) सूचीकृत भएका संस्थाले हरेक बर्ष समितिमा नविकरण गर्नुपर्ने छ। संस्थाले अनुसूची ३ वमोजिमको ढाचामा नविकरणको लागि निवेदन दिनुपर्ने छ।

**१२. खेलकूद समिति/सस्थाले हिसाबको श्रेस्ता राख्नु पर्ने :**

(१) खेलकूद समिति/संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खेलकुद समितिले राखेको श्रेस्ताको जाँचबुझ नगरपालिकाले र खेलकूद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ खेलकूद समितिले जुनसुकै बेला पनि गर्न सक्नेछ।

(३) नगरपालिकाले उपदफा (२) बमोजिम खेलकूद समितिकोश्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु सक्ने छ।

(४) खेलकूद समितिले उपदफा (२) बमोजिम खेलकूद सम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ।

**१३. समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने :**

(१) समितिले खेलकूद सम्बन्धी संस्थालाई खेलकूदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकूद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ।

( २) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालननगर्ने खेलकूद सम्बन्धी संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकूद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकूद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकूद सम्बन्धी संस्थालाई दिनु पर्नेछ।

१४. **समितिको स्वीकृति लिनु पर्ने : खेलकूद सम्बन्धी संस्थाले**

खेलकूद प्रतियोगितामा नगर भन्दा बाहिर वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकूद सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउदा वा लुम्बिनी साँस्कृतिक नगरपालिकामा हुने खेलकूद प्रतियोगिता वा खेलकूद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्दा अनिवार्य रुपमा समितिको स्वीकृति लिनु पर्नेछ।

१५. **बैंक खाता संचालन गर्न सक्ने** :

(१) समितिको संयोजक, एकजना महिला सदस्य र सदस्य सचिवले समितको नाममा संयुक्त बैंक खाता संचालन गर्नुपर्ने छ।

(२) समितिको निर्णय अनुसार बजेट खर्च गर्नुपर्ने छ।

१६. **कार्यक्रम तथा बजेट** : खेलकूद विकास र प्रवर्द्धनको लागि लुम्बिनी साँस्कृतिक नगरपालिकाले समितिलाई आवश्यक बजेट विनियोजन गर्न तथा कार्यालय व्यवस्थापन गर्न दिन सक्नेछ।

## परिच्छेद–६

१७. **आचार संहिताः**

(१) खेल सम्बन्धी विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी नगर कार्यपालिका र सभासदहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :-

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन।

(ख) प्रतिस्पर्धी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम बनाउन पाइने छैन। तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइने छ।

(ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रूफि कहिं कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन। तर कुनै दर्तावाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका सील्ड, ट्रूफि नगरपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्नेछैन।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन।

(झ) खेलको विकास गरी प्रचार प्रसार र प्रतिस्पर्धा क्षमता विकास गर्न नगरपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइन छैन।

(ञ) नगरपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लबबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ।

(ट) यस अघिनै अन्यत्र दर्ता भएका वा नगरपालिकामा सूचीकृत भएका संस्थाहरुले नगरपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन्।

१८. **सौजन्य** :

दर्तावाला संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्न नगरपालिकको पूर्व स्वीकृति लिनुपर्नेछ। संस्थाको सौजन्यताबाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राख्नु पर्नेछ।

१९. **प्रतिवेदन** : समितिको वार्षिक प्रगति प्रतिवेदन सदस्य सचिवले नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ।

२०. **बाधा अडकाउ फुकाउने अधिकार** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा ब्याख्या गर्ने अधिकार लुम्बिनी साँस्कृतिक नगर कार्यपालिकालाई हुनेछ।

२१. **अनुगमनः** समितिले संचालन गरेका क्रियाकलापको नियमित अनुगमन नगरपालिकाले गरी आवश्यक निर्देशन दिन सक्ने छ।

२२. **अन्यः** यस कार्यविधि लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

२३. **संशोधनः** यस कार्यविधि आवश्यकता अनुसार नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

२४. **खारेज तथा वचाउः** यो कायविधि प्रचलित कुनै ऐन कानुनसँग वाभिएमा बाभिएको हदसम्म अमान्य हुनेछ।

**अनुसूची–१**
**(दफा ११ को उपदफा १ सँग सम्बन्धित)**

मिति : ..............................

श्री नगर खेलकुद समितिको कार्यालय,
लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देही ।

**विषयः संस्था सुचिकृत गरिदिनु हुन ।**

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं/संचालन गर्ने उद्देश्य राखेका छौँ । नियमानुसार नगर खेलकुद समितिमा संस्था सूचीकृत गर्नुपर्ने भएकोले संस्था सूचिकृत गरिदिनु हुन अनुरोध गर्दछौं ।

**संलग्न कागजातहरु**
क) दर्ता प्रमाण पत्र ।
ख) चालु वर्षको लेखा परीक्षण प्रतिवेदन ।
ग) कर तिरेको प्रमाणपत्र ।
घ) कार्य समितिको निर्णय ।
ङ) संस्थाको विद्यान ।

| | |
|---|---|
| ................................ | ................................ |
| हस्ताक्षर | हस्ताक्षर |
| सचिवको नाम | अध्यक्षको नाम |

**अनुसूची–२**

**(दफा ११ को उपदफा २ सँग सम्बन्धित)**

**नगर खेलकुद समितिको कार्यालय**

**लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देही**

**संस्था सूचीकृत प्रमाण पत्र।**

संस्थाको नाम : ............................................................

ठेगाना : ...................................................................

समितिको पदाधिकारी र सदस्य संख्या : .......................................

अध्यक्षको नाम : ..........................................................

माथि उल्लिखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ। लुम्बिनी साँस्कृतिक नगर खेलकुदकार्यविधि र विधानको अधीनमा रही खेलकूद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिईएको छ।

मिति : ...............................

सूचिकृत गर्ने अधिकारीको

नामः

पदः हस्ताक्षरः

**संस्था नवीकरणको विवरण**

| क्र.सं. | संस्थाको नाम | नविकरण भएको आ.व. | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने अधिकारीको सही र समितिको छाप |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

**अनुसूची–३**

(**दफा ११ को उपदफा ३ सँग सम्बन्धित**)

मिति : ................................

नगर खेलकुद समितिको कार्यालय,
लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देही ।

**विषय : संस्था नवीकरण गरी पाउँ ।**

नामक संस्था यस नगरपालिकामा दर्ता भई खेलकूद सम्बन्धी गतिविधिहरु सञ्चालन गरी रहेको हुदाँ तपशिल बमोजिमका कागज पत्र संलग्न राखि नवीकरण गरिपाउँ भनि निवेदन गर्न आएको छु/छौ। अतः आर्थिक बर्ष ...................................................... संस्था नवीकरण गरी पाउँ ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

क) आर्थिक वर्ष ..............................को लेखापरीक्षण प्रतिवेदन,

ख) संस्थाको वार्षिक गतिविधि,

ग) भावि योजना र बजेट ।

निवेदक
नामः
पदः
हस्ताक्षरः

आज्ञाले
तारा ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत